माननीय मुख्यमन्त्री, ज्यू

माननीय सभामुख,ज्यू

माननीय मन्त्रिज्यूहरु

विशिष्ट महानुभावहरु

भद्र दिदीबहिनी तथा दाजुभाईहरु

- आज नेपालको संविधान जारी भएको तीन बर्ष पुरा भई हामी चौथो सविधान दिवस मनाइ रहेका छौ । यस सुखद अवसरमा म सबैलाई शुभकामना दिन चाहन्छु । यहाँहरुलाई यस कार्यक्रममा स्वागत गर्न पाउँदा मलाई हर्षको अनुभूति भएको छ ।
- राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जन आन्दोलन, त्याग र वलिदानको प्रतिफलस्वरुप ऐतिहासिक संविधानसभा मार्फत हामीले बर्तमान नेपालको संविधान प्राप्त गरेका छौ ।
- जनआकांक्षा र जनभावना अनुरुप सामाजिक तथा आर्थिक विकासलाई मुख्य आधार बनाई अघि बढ्न म सम्पूर्ण राजनैतिक दल र आम नेपाली दिदीबहिनी तथा दाजुभाई हरुलाई आव्हान गर्दछु ।
- यस अवसरमा लोकतन्त्रको स्थापना र संस्थागत विकास तथा यस प्रदेशको सामाजिक तथा आर्थिक रुपान्तरणको अभियानमा प्रत्यक्ष वा अप्रत्यक्षरुपमा सहयोग पुर्याउने सम्पूर्णलाई म धन्यबाद दिन चाहान्छु ।
- आगामी दिनमा पनि यहाँहरुबाट सहयोग र सदभाव जारी रहने विश्वास राख्दछु ।
- अन्तमा, यस समारोहमा उपस्थित हुनु भएकोमा यहाँहरुलाई सबैलाई हार्दिक धन्यबाद दिन चाहान्छु ।

स्थानः<br>
प्रदेश प्रमुखको कार्यालय<br>
प्रदेश नं ३ हेटौडा मकवानपुर<br>
मिति २०७५।०६।०३